मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०७९/०४/०१)

प्रस्तुत विषयमा यस मेलम्ची नगरपालिका अन्तर्गत सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १(एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | रोजगार सहायक | सहायक स्तर पाँचौ | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-
   क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,
   ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननघेको,
   ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ (तीन) महिनाको तालिम लिएको,

२. दरखास्त दिने स्थानः- मेलम्ची नगरपालिकाको कार्यालय, मेलम्ची

३. दरखास्त दिने अन्तिम मितिः- २०७९/४/१५

४. आवेदनको दस्तुरः- रु. ५००/-(पाँच सय मात्र)

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा, प्रयोगात्मक परीक्षा तथा मौखिक परिक्षा

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः
   क. नागरिकताको प्रतिलिपि
   ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग. चारित्रिक प्रमाण पत्र
   घ. विषयसँग सम्बन्धित तालिम लिएको भएमा उक्त तालिमको प्रमाण पत्र
   ङ. अनुभव भए सोको कागजात
   च. २ प्रति पासपोर्ट फोटो

७. सेवा सुविधा तथा अन्यः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ । (आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मन्त्रालयको वेवसाइट www.pmep.gov.np बाट उपलब्ध हुनेछ ।)

२०७९/०४/०१

भूपेन्द्रराज खरेल
प्रशासकीय अधिकृत

फोन नं :011–401141, 011–401142, वेवसाईट :www.melamchimun.gov.np ई-मेल dms.melamchimun@gmail.com

"मेलम्ची नगर सम्बृद्धिको आधार - कृषि, पर्यटन, उद्योग र जलाधार"